जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक ४० २०७७ साल भदौ १९ गते शुक्रबार (4 Sep. 2020 Friday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश २ सरकारमा नयाँ ... ३ पृष्ठमा : प्रदेश १ मा ९५ थप, २ मा कुल ... ३ पृष्ठमाभारतमा एकै दिनमा ...

# सप्तरीमा दुई संक्रमितको उपचारका क्रममा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौ ।**

सप्तरीमा दुई कोरोना संक्रमितको उपचारका क्रममा ज्यान गएको छ ।

पछिल्लो पटक कोरोना संक्रमणबाट राजविराज नगरपालिका ७ का ५५ वर्षिय गोपाल साह र राजगढ गाउँपालिका ६ का ५२ वर्षिय गणेश यादवको मृत्यु भएको हो । मृत्यु भएका राजगढ गाउँपालिका ६ का गणेश यादव राजविराजस्थित नेपाल टेलिकमका कर्मचारी हुन् ।

दुबै जनाको उपचारको क्रममा धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा निधन भएको जिल्ला स्वाथ्य कार्यालय सप्तरीले जनाएको छ ।

यादवको बुधवार मध्यरात तथा साहको बिहीवार दिउँसो मृत्यु भएको जिल्ला स्वास्थ्यका कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

कोरोना पोजिटिभ भई गम्भिर अवस्थामा पुगेका यादवलाई परिवारजनले सोझै धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याएका थिए भने साहलाई बिहीवारै राजविराजस्थित साईकृष्णा मेडिकल कलेजको आइसोलेशनबाट रेफर गरिएको थियो । यो सँगै कोरोना संक्रमणबाट जिल्लामा मृत्यु हुनेको संख्या आठ पुगेको छ ।

# मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, १८ भदौ ।**

सिरहा-चोहर्वा सडक खण्डअन्तर्गत सिरहा नगरपालिका-११ भलुवाहीस्थित सडकमा बुधबारराति दुई वटा मोटरसाइकल आपसमा ठोक्किँदा दुबै मोटरसाइकलका चालकको मृत्यु भएको छ भने एक जना गम्भीर घाईते भएका छन् ।

सदरमुकाम सिरहाबाट चोहर्वातर्फ आउँदै गरेको स४प ४६१० र चोहर्वाबाट सिरहातर्फ जाँदै गरेको स४प ७९२१ नम्बरको मोटरसाइकल आपसमा ठोक्किँदा सिरहाको धनगढीमाई नगरपालिका १० निवासी ५१ वर्षीय दीपककुमार पंजियार र सिरहा नगरपालिका ९ गुलरीया निवासी ३५ वर्षीय सिल्टु ठाकुरको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी गम्भीर घाईते पंजियारको जिल्ला अस्पताल सिरहामा उपचारको क्रममा र ठाकुरको उपचारको लागि लहानतर्फ लैजाने क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

सोही दुर्घटनामा परी सिरहा नगरपालिका ९ गुलरीया निवासी ३५ बर्षीय जितेन्द्र महरा भन्ने शिवकुमार महरा गम्भीर घाईते भएको र उहाँको भुमिजा अस्पताल लहानमा उपचार भई रहेको प्रहरीले जानकारी दिएको छ ।

# परिवार नियोजनका स्वास्थ्यकर्मीलाई सुरक्षा सामग्री

**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौ ।**



कोरोना माहामारीको त्रासका बीच क्लिनिकमा काम गर्ने नेपाल परिवार नियोजन शाखा सप्तरीका स्वास्थ्यकर्मीहरुलाई एक गैर सरकारी संस्थाले व्यक्तिगत सुरक्षा सामाग्री प्रदान गरेको छ ।

राजविराजस्थित नेपाल परिवार नियोजन संघ शाखा सप्तरीमा आयोजित एक कार्यक्रमबीच क्रिएशन नेपाल नामक संस्थाले स्वास्थ्यकर्मीहरुका लागि पिपिई ड्रेस, ग्लोव्स, हेड क्याप, पाइताला कोभर, मास्क, चश्मा लगायतका सुरक्षा सामग्री प्रदान गरेको हो । उक्त सुरक्षा सामाग्री संस्थाका प्रतिनिधि विवेकानन्द मिश्र र अजित ठाकुरले परिवार नियोजन संघका केन्द्रीय उपाध्यक्ष अजित कुमार मिश्र 'पप्पु' तथा शाखा प्रबन्धक विद्याकिशोर सिंहलाई हस्तान्तरण गरे ।

नेपाल परिवार नियोजन संघ शाखा सप्तरीद्वारा हाल जिल्लाका १२ स्थानमा शाखा, एशोसिएट, सामुदायिक र मोवइल क्लिनिक सञ्चालनमा छन् । आवश्यक

*बाँकी तीन पृष्ठमा*

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रव्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

iPay remit, WESTERN UNION MONEY TRANSFER, Best Remit, PRABHU Money Transfer, City Express, IME International Money Express, IME pay, himal remit, CG Money, MoneyGram money transfer

## सम्पादकीय

# निमुख्खा जनताको पीडाप्रति गम्भिर बन्

कोरोना महामारीका बीचमा अहिले गरिब, निमुख्खा जनताहरु निकै पीडामा रहेक छन् । दैनिक ज्यालादारी तथा मजदुरी गरेर दुई छाक टार्नेहरु अहिले यो महामारीका कारण निकै पीडादायी जिवन व्यतित गर्दछन् । उनीहरुको रोजिरोटी नै बन्द भएको छ । महामारीका कारण एक त काम नपाउने तथा खुल्ला रुपमा काम गर्ने वातावरण नरहेको अवस्थामा उनीहरु जसोतसो जिवन गुजार्न बाध्य छन् ।

पहिलो पटकको लकडाउनमा स्थानिय सरकारले केही राहत दिएपनि अहिले दोश्रो चरणको निषेधाज्ञामा कुनै पनि निकायले उनीहरुको समस्या बारे चासो दिएका छैनन् । स्थानियस्तरमै लुकिछिपी कसैको काम गरेर एक छाक भएपनि जोहो गर्न बाध्य ती गरिब निमुख्खा जनताको सहयोगि हातहरुले केही गर्नु पर्ने अवस्था रहेको छ ।

महामारीको समयमा मुलुकमा बेरोजगारी बढ्दै गएको अवस्थामा सरकारले गरिब, निमुख्खा जनताको अवस्थालाई बेवास्ता गरिरहेको कार्य अति निन्दनिय छ । तसर्थ यस्तो अवस्थामा तीनै तहको सरकारले त्यस्ता जनताहरुप्रति उत्तरदायित्व बहन गर्न सकेमात्र सरकार जनताको अभिभावक बन्न सक्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेश २ सरकारमा नयाँ अनुहार आवश्यक



**मनिष सुमन**

आमजनताको उत्कट इच्छापश्चात् राजपा र समाजवादीबीच एकीकरण भयो र एकीकृत पार्टीको यो पहिलो ऐतिहासिक बैठक थियो । बैठकको सुरुका दिन परिचयमै सम्पन्न भयो । त्यसपछि विभिन्न प्रस्तावहरुमाथि वृहत छलफलपछि भएका सबै निर्णयहरु महत्वपूर्ण नै छन् । हामीले मंसिर मसान्तसम्म टोल, वडा समितिदेखि लिएर केन्द्रसम्म दुवै पार्टी पूर्णरुपले समायोजन गर्ने, कसरी अनुशासित रहने, पार्टीको आगामी लक्ष्य के हुने, कुन समाजवादमा हामी जाने, वर्तमान सरकारप्रति हाम्रो दृष्टिकोण, नागरिकता, रेशमलाल चौधरी जस्ता सबै कुराहरु बैठकपश्चात् निर्णयहरुमा लेखिएको छ । तसर्थ, बैठकबाट धेरै महत्वपूर्ण निर्णयहरु गरिएको छ ।

अहिले विषम् परिस्थिति छ, तपाइँहरुको सरकार रहेको प्रदेशमा कोरोनाको भयावह हुँदै गइरहेको छ । जिल्लाहरुमा ल्याब छैन, परीक्षणको दायरा बढ्न सकेको छैन । जनताले प्रदेश सरकारको अनुभूति गर्न पाएनन् भन्ने गुनासोहरु छन् । जनता समाजवादी पार्टी पूरै देशको पार्टी हो । कुनै प्रदेशविशेषको मात्रै होइन । यद्यपि त्यो बैठकमै प्रदेश २ का मुख्यमन्त्रीजी पनि सदस्य भएको नाताले त्यो विषय पनि उठेको हो । कोरोनाको यो आतंकलाई कसरी रोक्न सक्ने भन्ने कुराहरु नउठेको होइन । यस विषयमा हामीले सल्लाह पनि दिएका हौं । पार्टी निर्णयमा पनि कोभिड-१९ बारे लेखिएको छ । यो कुनै क्षेत्र, गाउँ, बस्ती विशेषको समस्या पनि होइन । हामी नेपाली भएपछि सिंगो नेपालकै बारेमा सोच्नुपर्छ । यसमा सरकारले अलि गम्भीरताका साथ भूमिका निर्वाह गर्न सक्थ्यो । प्रत्येक घरमा कमसेकम एक पीसीआर टेष्ट गराइनु पर्दथ्यो । संक्रमण समुदायमा फैलिसक्यो ।

यस्तो महामारीका बेला प्रदेश सरकारको कुनै भूमिका नै देखिएन । मृतक र संक्रमितको तथ्यांक संकलन गर्ने बाहक अन्य केही पनि गर्न सकेन भन्ने गुनासोहरु आइरहँदा आफ्नो पार्टी नेतृत्वको सरकारले किन जनतालाई अनुभूत गराउन सकेन भन्ने सबै विषयहरुको गुनासोमा मेरो पनि समर्थन छ । हाम्रो पार्टीले पनि प्रदेश २ को सरकारले धेरै राम्रो काम गऱ्यो, कुनै गुनासो नै छैन भनेर भनेको छैन । आफैले बनाएको सरकारको गुनासो आफ्नै पार्टीमा गर्ने निकाय होइन । पार्टीको सर्वोच्च निकाय केन्द्रीय कार्यकारिणी समिति हो । पार्टीले चाह्यो भने कुनै पनि बेला सरकारका पात्रहरु फेर्न सक्छ । पार्टीले आन्तरिकरुपमा प्रदेश सरकारलाई निर्देशन दिएकै छ । वास्तवमै प्रदेश सरकारले मृतक र संक्रमितको तथ्यांक संकलन गर्न बाहेक केही खासै गर्न सकेको छैन । प्रदेश सरकारले भएको बजेटलाई पनि कोरोना संक्रमण नियन्त्रण तथा रोकथामका लागि प्रयोग गर्न सकेको छैन । प्रदेश सरकारले किनेको मेसिनहरु राम्ररी काम गरिरहेको छैन । जनकपुरको मेसिन दिनको दुईचोटि बिग्रिन्छ ।

त्यो कुरो उठेको हो । बैठकमा प्रदेश सरकारले किन राम्ररी काम गर्न सकेन, भ्रष्टाचारको त्यत्रो ठूलठूलो आरोप तिमीहरुमाथि किन लाग्यो लगायतका कुराहरु आन्तरिकरुपमा उठेको हो । हामीले बैठकको निर्णयमा लेखेको मात्र होइनौं । आन्तरिक निर्देशन पनि दिइएको हो ।

वास्तवमा अहिलेसम्म सुधार त देखिएको छैन । प्रदेश सरकारले हामी यो गर्दैछौं, त्यो गर्दैछौं भनेर हामीलाई कन्भिन्स मात्रै गरिरहेको छ । निर्देशन दिइएको करिब एक हप्ता मात्रै भएको छ र परिणामका लागि यो पर्याप्त समय पनि होइन । हेरौं के गर्छ कि । केन्द्रीय सरकारले त झन् निर्देशनात्मक आदेशबाहेक केही गरेकै छैन । जे भएपनि अहिले स्थानीय सरकारलाई धन्यवाद दिनैपर्छ ।

छुट्टाछुट्टै पार्टी (राजपा र समाजवादी) हुँदा निगरानी नभएको होइन, भएको हो । तत्कालीन राजपाले त महेन्द्र राय यादवको नेतृत्वमा समिति नै बनाएको थियो । हाम्रो पार्टी भनेको लोकतन्त्र र विधिमा विश्वास गर्छ । हामी नेकपाजस्तो प्रदेशमा हुकुम चलाउने होइन । हामीले नेकपा जस्तो उदण्डतापूर्ण तरिकाले प्रदेशको नाम र राजधानी यो वा त्यो नै राख भनेर निर्णय गर्दैनौं । प्रदेश सरकार वा प्रदेशसभाको अधिकार क्षेत्रभित्र रहेका कुराहरुमा प्रदेशसभा र सरकार निर्णय गर्न सक्षम छ भन्ने विश्वासका साथ हामीले सरकार सञ्चालन गरिरहेका छौं ।

पार्टीको तर्फबाट सांसद भएपछि अनियमितता, आफ्नो गुनासोहरु पार्टी नेतृत्वलाई सुनाउनुपर्छ । आफ्नै सरकारको विरुद्ध सञ्चारमाध्यम वा बाहिर बोल्नुभन्दा पार्टी नेतृत्वमा गएर निवेदन गर्नु लोकतान्त्रिक विधि पनि हो । हामी त्यो विधि अपनाएर पार्टी नेतृत्वलाई प्रदेश सरकारले विनियोजन गरेको बजेट, रेडबुक, सरकारविरुद्ध उठेका आवाजहरु, मन्त्रीहरुले गरेका बेथितिपूर्ण कामहरुका बारेमा हामीले पार्टी नेतृत्वलाई अवगत गराएका छौं । पार्टी नेतृत्वले यी कुराहरुलाई गम्भीरताका साथ लिएको पनि छ । हाम्रो पार्टी एकीकरण भयो भन्ने कुरा राजपत्रमा प्रकाशित भइसक्यो । एकीकृत पार्टीको संसदीय दलका नेता मुख्यमन्त्री हुनेछ भन्ने कुरा नेपालको संविधानको धारणा १८९ मा उल्लेख छ । सोहीअनुसार अब हामी छिट्टै नै संसदीय दलको नयाँ नेता चयन गर्ने र अहिले रहेको संरचना नदेखिन सक्छ । आगामी संरचना अलि जोशिला अनुहार र जसले प्रदेशका लागि केही गर्न सक्दछन् । यो आशाका साथ हामी सबै बसेका छौं । छिट्टै यसको निरुपण हुन्छ ।

संसदीय दलकै नेता मुख्यमन्त्री बन्ने संवैधानिक प्रावधान रहेकोले नयाँ नेता चयन भएपछि निश्चितरुपमा नयाँ अनुहार आउँछन् । पार्टी एक भएपनि अहिलेसम्म त प्रदेश २ मा हाम्रो दुई जना संसदीय दलका नेता छन् । दल एकीकृत भइसकेपछि एउटा नेता छिट्टै चयन हुन्छ । त्यसैले प्रदेश २ मा अब नयाँ टीम आउँछ । मलाई त्यस्तै लाग्छ । अब पूरानो अनुहारलाई नै दोहोऱ्याउनुभन्दा पार्टीका सबै साथीले मौका पाउनुपर्दछ । तसर्थ नयाँ अनुहारहरु नेतृत्वमा आउँछन् ।

राजपा र समाजवादीबीच एकताको बेला एकीकृत पार्टीको संघीय संसदमा संसदीय दलको नेता राजेन्द्र महतोलाई बनाउने सहमति भएको भन्ने कुराहरु बाहिर आइरहेको छ । एकीकरणका बेला संघीय संसदको नेता राजेन्द्र महतोलाई बनाउने कुरा सहमति भएको हामीले पनि सुनेका छौं । एकीकृत हुने बेला म त्यो बैठकमा थिएन । तर सुनेका छौं । हो, वास्तवमा राजेन्द्र महतोजी योग्य हुनुहुन्छ, उहाँलाई दिइनुपर्छ ।

*बाँकी तीन पृष्ठमा*

# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाता नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# प्रदेश १ मा ९५ थप, २ मा कुल ११ हजार, गण्डकीमा नाघे दुई हजार, ५ मा व्यवसाय खोल्न माग, कर्णालीको आन्तरिक मन्त्रालयका कर्मचारी संक्रमित

विराटनगर, १८ भदौ (रासस) ,

प्रदेश नं १ मा पछिल्लो २४ घण्टाका अवधिमा ९५ जना कोरोनाबाट सङ्क्रमित भएका छन् । तिनमा ३० महिला र ६५ पुरुष छन् । सङ्क्रमितमा मोरङमा ४४, सुनसरीमा २८, झापामा १२, संखुवासभामा ६, धनकुटा र तेह्रथुममा दुईदुई तथा प्रदेश बाहिरका एक जना रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार विराटनगरमा पछिल्लो २४ घण्टामा ३३ जना कोरोनाबाट सङ्क्रमित भएका छन् । तीमध्ये १३ महिला र २० पुरुष छन् । मोरङको सुन्दरहरैँचामा तीन पुरुष, लेटाङमा दुई महिला र एक पुरुष, कटहरीमा दुई पुरुष, ग्रामथान र पथरीशनिश्चरेमा एक पुरुष र बूढीगङ्गामा एक महिलामा सङ्क्रमण देखिएको हो ।

यस्तै सुनसरीको धरानमा चार महिला र १७ पुरुष, इटहरीमा एक महिला र दुई पुरुष, बर्जु, भोक्राहा नरसिंह र स्थानीय तह नखुलेका एकएक पुरुष र देवानगञ्जमा एक महिला, झापाको कमल गाउँपालिकामा दुई महिला र चार पुरुष, बिर्तामोडमा चार महिला र एक पुरुष, अर्जुनधारामा एक पुरुष, संखुवासभाको खाँदबारीमा पाँच पुरुष र मादीमा एक पुरुष, धनकुटाको शहीदभूमिमा एक पुरुष, धनकुटा नगरपालिकामा एक महिला, तेह्रथुमको म्याङ्लुङमा एक महिला र एक पुरुष तथा प्रदेश बाहिरका एक पुरुषको रिपोर्ट पोजेटिभ आएको मन्त्रालयले जनाएको छ ।

प्रदेश नं १ मा हालसम्म कोरोना सङ्क्रमितको सङ्ख्या तीन हजार ६८० पुगेको छ । हालसम्ममा प्रदेशमा एक हजार ७४७ जना कोरोनाबाट मुक्त भएर घर फर्किसकेका छन् । पछिल्लो २४ घण्टाका अवधिमा एक हजार ७९० जनाको पिसिआर परीक्षण भई कुल ९३ हजार २९८ जनाको परीक्षण भइसकेको मन्त्रालयले जनाएको छ ।

**जनजीवन सहज बनाउन सुझाव**

बन्दाबन्दी र निषेधाज्ञाले कोरोना रोकथाम एवं नियन्त्रण हुन नसक्ने सञ्चारकर्मीले सुझाव दिएका छन् । प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा बिहीबार यहाँ आयोजित छलफलमा सञ्चारकर्मीले जनजीवनलाई सहज एवं सरल बनाउन कोरोना भाइरसका बारेमा नागरिकलाई सचेत र सजग बनाउनु नै उत्तम उपाय हो भन्दै उद्योग, व्यापार, व्यवसाय बन्द गरेर कोरोनाको रोकथाम एवं नियन्त्रण गर्न नसकिने बताउनुभयो ।

सो अवसरमा आन्तरिक मामिलामन्त्री हिक्मतकुमार कार्कीले नागरिकले सरकारी सेवा पाउनबाट बञ्चित हुन नहुने बताउँदै बन्दाबन्दी र निषेधाज्ञाका विकल्पका बारेमा सुझाव दिन आग्रह गर्नुभयो । उहाँले तत्काल सरकारी वा निजी विद्यालयहरु सञ्चालन नहुने जनाउँदै जनजीवन सहज एवं सरल बनाउन सरकारले आवश्यक योजना बनाउने जानकारी दिनुभयो ।

आन्तरिक मामिला मन्त्रालयका निमित्त सचिव कमलबहादुर थापाले सञ्चारकर्मीलाई सार्वजनिक खरीद ऐनअनुसार नै विज्ञापन दिइएको जानकारी दिनुभयो ।

**जनकपुर** -प्रदेश नं २ मा पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणबाट एक जनाको मृत्यु हुनाका साथै २५२ जना नयाँ सङ्क्रमित थपिएका छन् । सो अवधिमा सप्तरी जिल्लामा एक जनाको मृत्यु भएको छ । यससमेत गरी प्रदेशमा अहिलेसम्ममा ९६ जनाको मृत्यु भइसकेको छ ।

सोही अवधिमा धनुषाबाट ६३ , महोत्तरीबाट १९, सर्लाहीबाट ३०, रौतहटबाट ४६, बाराबाट २५ र पर्साबाट ६९ गरी २५२ नयाँ सङ्क्रमित थपिएको समाजिक विकास मन्त्रालयले जनाएको छ । प्रदेशमा अब सङ्क्रमितको सङ्ख्या १० हजार ८०८ पुगेको छ । तीमध्ये बिहीबार १८३ जना उपचार गराई निको भएर घर फर्केका छन् । उपचार गराइ निको भएर घर फर्केनेको सङ्ख्या पाँच हजार २५४ पुगेको छ ।

प्रदेशमा १९६ क्वारेन्टिन रहेकामा घटेर १७७ कायम भएको छ । सो क्वारेन्टिनमा ५५५ जना बसेका छन् । होम क्वारेन्टिनमा एक हजार ६६२ , आइसोलेशनमा एक हजार २५ र होम आइसोलेशनमा चार हजार ४३३ जना रहेको सो मन्त्रालयले जनाएको छ ।

गण्डकी- पोखरा महानगरपालिकाका १० वटा वडामा बिहीबार अपराह्न थप २९ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । स्वास्थ्य निर्देशनालय गण्डकीले बिहीबार अपराह्न तेस्रो विज्ञप्तिमार्फत कन्ट्याक्ट ट्रेसिङका आधारमा गरिएको परीक्षणका क्रममा महानगरका २९ जनामा कोरोना पुष्टि भएको जानकारी दिएको हो ।

पोखरा महानगरका १, ५, ८, १०, १२, १३, १४, १६, २७ र ३० नं वडाका २१ देखि ५२ वर्ष उमेर समूहका महिला तथा पुरुषमा संक्रमण पुष्टि भएको हो । त्यसै गरी तनहुँ, व्यास -१ र ४ का २९ वर्षीया दुई महिलामा पनि कोरोना संक्रमण पुष्टि भएको निर्देशनालयले जनाएको छ । यससँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको संख्या दुई हजार ३०८ पुगेको छ ।

**व्यवसाय सञ्चालनको वातावरण बनाउन आग्रह**

रुपन्देही- यहाँका उद्योगी व्यवसायीले निर्बाधरुपमा व्यापारव्यवसाय सञ्चालनको वातावरण बनाउन सरकारसँग माग गरेका छन् । उनीहरुले कोरोना भाइरस सङ्क्रमण फैलिन नदिन गरिएको बन्दाबन्दीले मुलुकको अर्थतन्त्र ध्वस्त हुनाको साथै निजी क्षेत्रको लगानीसमेत धाराशायी भएकाले विश्व स्वास्थ्य संगठन र नेपाल सरकारले लागु गरेको स्वास्थ्य मापदण्ड पालना गर्नेगरी व्यापार यवसाय सञ्चालन गर्ने वातावरण बनाइदिन सरकारसँग माग गरेका हुन् ।

बुटवल उद्योग वाणिज्य संघ, सिद्धार्थ उद्योग वाणिज्य संघ, तिलोत्तमा उद्योग वाणिज्य संघ, सैनामैना उद्योग वाणिज्य संघ र देवदह उद्योग वाणिज्य संघले बिहीबार संयुक्त रुपमा प्रेस विज्ञप्ति जारी गरी यही भदौ २० गतेपछि व्यवसाय सञ्चालनको वातावरण बनाउन जिल्ला प्रशासन कार्यालय रुपन्देही र जिल्लाका १६ वटै स्थानीय तहलाई आग्रह गरेका छन् ।

यस्तै रुपन्देही उद्योग संघले पनि सुरक्षा सतर्कता अपनाएर उद्योग व्यसाय खोल्ने अनुमति दिन माग गरेको छ ।

**कानून मन्त्रालयका कर्मचारीमा संक्रमण**

कर्णाली- कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयका कर्मचारीमा कोरोना संक्रमण पोजेटिभ देखिएको छ । मन्त्रालयमा कार्यरत एक कार्यालय सहयोगी, तीन सशस्त्र प्रहरी तथा एकएक चालक र नेपाल प्रहरीका गरी छ जनामा कोरोना संक्रमण देखिएको हो ।

सुरक्षाकर्मी तथा कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएपछि मन्त्रालयले अत्यावश्यकबाहेकका सबै सेवा प्रवाह बन्द गरेको छ । आन्तरिक मामिलामन्त्री नरेश भण्डारीले मन्त्रालयका एक कर्मचारी, निवास र मन्त्रालयका पाँच सुरक्षाकर्मीमा संक्रमण देखिएपछि आफू होम आइसोलेशनमा बसेको बताउनुभयो । अब मन्त्रालयका बाँकी कर्मचारीको स्वाब लिएर सामान्यावस्था भएपछि प्रवाह हुने सेवालाई नियमित गरिने उहाँको भनाइ थियो ।

कर्णाली प्रदेश सरकारका प्रवक्ता विमला केसीले संक्रमितको कन्ट्याक्टमा रहेका अन्य कर्मचारी तथा सुरक्षाकर्मीको ट्रेसिङ भइरहेको बताउनुभयो । मन्त्रालयका अन्य कर्मचारी पनि आइसोलेशनमा रहेको जनाइएको छ ।

*प्रदेश २ ...*

सबैथोक सहमतिकै आधारमा हुँदै आइरहेको छ । भविष्यमा पनि सबैथोक सहमतिकै आधारमा हुन्छ ।

प्रधानमन्त्रीप्रति तपाईंहरुको विज्ञप्तिमा आएको कुरालाई लिएर प्रधानमन्त्रीका सल्लाहकारले आपत्ति जनाउनुभएको छ । जसपाको विज्ञप्तिप्रति प्रधानमन्त्री रिसाउनु, उहाँको तलब खाने प्रेस सल्लाहकार रिसाउनु स्वाभाविकै हो । त्यसलाई हामीले अस्वाभाविक लिएका होइनौं । जसपाले विज्ञप्तिमा लेखेको शब्दहरु मर्यादित र उचित छन् । साँच्चै नै प्रधानमन्त्री शारीरिकरुपले कमजोर हुनुहुन्छ र मानसिकरुपले पनि कमजोर रहेको कुरो उहाँको व्यवहारबाट देखिन्छ । कसैले भन्न नसकेका हुन्, जसपाले भन्यो, ठिक भनेको छ । यो कुरा सुनेपछि प्रधानमन्त्रीका आसेपासे रिसाउनु अस्वाभाविक होइन । कुनै पनि हालतमा हामीले आफ्नो शब्द फिर्ता लिंदैनौं । बरु जोसँग जे हुन्छ त्यसको सामना गर्न तयार छौं । (कुराकानीको आधारमा)

*मधेश दर्पण फिचर सेवा*

*परिवार नियोजनका ...*

व्यक्तिगत सुरक्षा सामाग्रीको अभावमा कोरोनाका त्रासका बीच पनि शाखाद्वारा विभिन्न स्थानमा सञ्चालित क्लिनिकहरुमा स्वास्थ्यकर्मीहरु स्वास्थ सेवा प्रदान गरिरहेका बेला प्राप्त सहयोगले ठूलो हौसला मिलेको भन्दै नेपाल परिवार नियोजन संघका केन्द्रीय उपाध्यक्ष मिश्रले दाता संस्थाप्रति धन्यवाद व्यक्त गरेका थिए ।

सो अवसरमा दाता संस्थाका प्रतिनिधिहरुलाई उपाध्यक्ष मिश्र तथा शाखा प्रबन्धक सिंहले खादा ओढाई सम्मान समेत गरेका थिए ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रव्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### भारतमा एकै दिनमा अहिलेसम्मकै सबैभन्दा धेरै ८४ हजार संक्रमित

नयाँदिल्ली, १८ भदौ (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको संख्या अत्यधिक बृद्धि भएको छ ।

पछिल्लो विवरणअनुसार एकैदिनमा झण्डै ८४ हजार जना कोरोनाभाइरसबाट सङ्क्रमित भेटिएका छन् ।

सरकारी अधिकारीले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा ८३ हजार ८८३ जना सङ्क्रमित भेटिएका छन् । यो संख्या अहिलेसम्मकै सबैभन्दा धेरै भएको पनि अधिकारीको भनाइ छ ।

पछिल्लो थप सङ्क्रमितसँगै भारतमा कुल सङ्क्रमितको संख्या ३८ लाखभन्दा बढी पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

भारतमा कोरोनाभाइरसकै कारण अहिलेसम्म ६७ हजार ३७६ जनाको मृत्यु भएको छ । तीमध्ये एक हजार ४३ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो । मन्त्रालयका अनुसार कुल सङ्क्रमित ३८ लाख ५३ हजार ४०७ जना रहेकोमा २९ लाख ७० हजार ४९३ जना सङ्क्रमणमुक्त भइसकेका छन् ।

त्यस बाहेक आठ लाख १५ हजार ५३८ जना भने अझै पनि सङ्क्रमित अवस्थामै रहेको अधिकारीले जानकारी दिएका छन् ।

कोरोनाभाइरसको सङ्क्रमणको प्रभाव भारतका प्रदेशमध्ये सबैभन्दा धेरै महाराष्ट्रमा देखिएको छ । त्यस प्रदेशमा अहिलेसम्म दुई लाख दई हजार ४८ जना सङ्क्रमित भेटिएका छन् ।

भारतमा देशभरी एकैदिनमा ११ लाख ७२ हजार १७९ जनाको कोरोना परीक्षणका लागि स्वाब संकलन गरिएको छ । भारतमा अहिलेसम्म साढे चार करोडभन्दा बढीको कोरोना परीक्षण गरिएको छ ।

### कोरोनाले ४ करोड ७० लाख महिलालाई अति गरिबीतर्फ धकेल्छ : राष्ट्रसंघ

संयुक्त राष्ट्रसंघ, १८ भदौ (रासस/पिटिआई) ।

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोनाभाइरसका कारण आगामी बर्ष चार करोड सात लाख महिला अति गरिबीतर्फ धकेलिने अनुमान गरिएको छ ।

संयुक्त राष्ट्रसंघले हालै सार्वजनिक गरेको एक विवरणमा सन् २०२१ मा यस्तो असर देखिने उल्लेख गरिएको छ ।

कोरोनाभाइरसको महामारीले पुरुष र महिलाबीचको खाडललाई पनि नाटकीय हिसाबले बृद्धि गर्ने देखिएको प्रतिवेदनमा जनाइएको छ ।

संयुक्त राष्ट्रसंघको युएन बुमन र राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)ले महिलाको गरिबीको अवस्था अत्यधिक बढ्ने चिन्ता व्यक्त गरेको छ ।

सन् २०१९ देखि सन् २०२१ सम्ममा महिलाको गरिबी बृद्धिदर २.७ प्रतिशतसम्म हुने अनुमान गरिएको छ ।

राष्ट्रसंघीय निकायले कोरोनाभाइरसले उत्पन्न गरेको महामारीबाट नौ करोड ६० लाख मानिस गरिबीको रेखामुनि पर्ने प्रक्षेपण गरेका छन् । तीमध्ये महिलाको संख्या चार करोड ७० लाख हुने अनुमान गरिएको हो । सर्वेक्षणकर्ता तथा अध्ययनकर्ताले सन् २०३० सम्ममा मात्रै कारोनाभाइरसको सङ्क्रमण शुरु हुनुभन्दा अगाडिको अवस्थामा पुग्न सकिने विश्लेषण गरेका छन् ।

### अमेरिकाको बजेट घाटा ३३ खर्ब डलर

वासिङ्टन, १८ भदौ (रासस/एपी) ।

कोरोनाभाइरस महामारीका कारण संघीय सरकारको खर्च व्यापक बृद्धि भएका कारण संयुक्तराज्य अमेरिकाको कूल बजेट घाटा ३३ खर्ब डलर पुग्न लागेको अनुमान गरिएको छ ।

अमेरिकी बजेट तयार पार्ने कङ्ग्रेस बजेट कार्यालयका अनुसार अर्थतन्त्रलाई जीवन्त राख्न सरकारले गरेका खर्चका कारण संघीय बजेटमा २० खर्ब डलरभन्दा बढी भार थप भएको छ ।

बजेट घाटाको अंक बढ्नुको अर्थ हो, अर्को वर्ष संघीय ऋण वार्षिक कूल गार्हस्थ्य उत्पादनभन्दा बढी हुनेछ । यो स्थितिमा अमेरिका यसअघि दोस्रो विश्वयुद्धपछि मात्र पुगेको थियो । त्यसबखत कूल राष्ट्र ऋण समग्र अमेरिकी अर्थतन्त्रको आकारभन्दा बढी थियो ।

बुधबार सार्वजनिक गरिएको ३३ खर्ब डलरको अंक सन् २०१९ को कूल घाटाभन्दा तीन गुणा बढी हो । कोरोनाभाइरस महामारीबाट सिर्जित समस्यापछि घोषणा गरिएका चार पटकका राहत प्याकेजका कारण सरकारको कूल खर्च ६६ खर्ब डलर पुगेको छ, र यो रकम सन् २०१९ को भन्दा २० खर्ब डलरभन्दा बढी हो ।

आर्थिक मन्दीका कारण राजश्वमा कमी आएको छ । व्यक्तिगत आयकरको संकलन गत वर्षको भन्दा ११ प्रतिशतले न्यून छ । कर्पोरेट राजश्व पनि ३४ प्रतिशतले घटेको छ ।

कोरोनाभाइरसका कारण गरिएको लकडाउनले समग्र अर्थतन्त्रमा व्यापक असर पारेको भन्दै संसद र राष्ट्रपति डोनाल्ड ट्रम्पले व्यवसायीलाई अनुदान, बेरोजगारी भत्ता, १,२०० डलर प्रत्येक व्यक्तिका खातामा सोझै भुक्तानी र अरु राहत योजनाले छोटो अवधिका लागि भए पनि अर्थतन्त्रलाई जोगाउन मद्दत गरेको थियो ।

अधिकांश अर्थशास्त्री अर्थतन्त्र ठूलो संकटमा परेका बखत ठूलो मात्रामा राष्ट्रऋण उठाउनु स्वाभाविक रहेको बताएका छन् ।

अहिले सांसद र ह्वाइट हाउसबीच पाँचौं राहत प्याकेजका बारेमा गम्भीर विचारविमर्श जारी छ । डेमोक्राट पार्टीको नियन्त्रण रहेको कंग्रेसले गत मे महिनामा ३५ खर्ब डलरको राहत योजना पारित गरेको थियो ।

यस वर्षको अन्त्यसम्ममा राष्ट्रिय ऋण अमेरिकाको कूल गार्हस्थ्य उत्पादनको ९८ प्रतिशत पुग्नेछ, र यो वस्तु तथा सेवाको कूल अंक बराबर हो । बजेट कार्यालयले सन् २०२१ मा राष्ट्रऋण कूल जिडिपीको १०० प्रतिशत पुग्ने जनाएको छ । आगामी दशकमा राष्ट्रऋण करिब १३० खर्ब डलर पुग्नेछ ।

# कारागारमा सङ्क्रमण फैलिन नदिन उच्च सावधानी

काठमाडौँ, १७ भदौ (रासस) ।

गृह मन्त्रालयले कारागारका कैदीबन्दीमा कोभिड-१९ को सङ्क्रमण फैलिन नदिन उच्च सावधानी अपनाइएको जनाएको छ । विभिन्न कारागारका कैदीबन्दीमा कोभिड-१९ सङ्क्रमणसँग जोडेर आएका टिप्पणी, प्रतिक्रिया र समाचारका सम्बन्धमा गम्भीर ध्यानाकर्षण भएको जनाउँदै मन्त्रालयले सङ्क्रमण फैलिन नदिन पूर्ण सजग रहेको प्रष्ट पारेको हो ।

मन्त्रालयले बिहीबार विज्ञप्ति जारी गरी कारागारमा थप जोखिम हुन नदिन, कोरोना रोकथाम नियन्त्रणका लागि हरसम्भवका प्रयास गर्न तथा सङ्क्रमित कैदीबन्दीको आवश्यक उपचारको व्यवस्था गर्न प्रहरी प्रधान कार्यालय, कारागार व्यवस्थापन विभागमार्फत सबै कारागार र प्रमुख जिल्ला अधिकारीलाई आवश्यक निर्देशन दिइसकिएको जनाएको छ ।

कोभिड-१९ नियन्त्रण तथा उपचारका लागि नेपाल सरकारबाट समयसमयमा जारी भएका निर्णय तथा विभिन्न निकायबाट जारी भएका मापदण्ड र परिपत्र कार्यान्वयनको अवस्थाबारे पनि अनुगमन भइरहेको छ । कारागारमा जोखिम हुन नदिन पहिलेदेखि नै उच्च सावधानी अपनाइएको र त्यसमा मन्त्रालय पूर्ण सजग रहेको विज्ञप्तिमा उल्लेख छ ।

कैदीबन्दीसँग बाह्य व्यक्तिको भेटघाट नियन्त्रण गर्ने, बिरामी कैदीबन्दीलाई सम्भव भएसम्म कारागार कार्यालयमा रहेका स्वास्थ्यकर्मीबाटै उपचार गराउने र सम्भव नभएमा सुरक्षित रुपमा स्थानीय वा अन्य अस्पतालमा उपचार गराउने गरिएको तथा उपचारपछि कारागार परिसरमा छुट्टै बस्ने व्यवस्था मिलाइएको छ ।

काठमाडौँ उपत्यकाका हकमा भने कीर्तिपुरस्थित आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्रलाई आइसोलेशनका रुपमा प्रयोग गर्ने व्यवस्था मिलाइएको र केन्द्रीय कारागार सुन्धाराको परिसरमा रहेको तालीम केन्द्रलाई आइसोलेशन बनाउन निर्माण कार्य थाल्नेलगायत विषयमा मातहतका निकायलाई निर्देशन दिइसकिएको मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयका अनुसार सङ्क्रमणको लक्षण देखिएका गम्भीर खालका बिरामीलाई सुविधासम्पन अस्पतालमा उपचारको व्यवस्था मिलाइएको छ । यति हुँदाहुँदै पनि केही दिनयता कारागारमा रहेका कैदीबन्दीमा सङ्क्रमण देखिन थालेको छ । हालसम्म देशभरका ११८ कैदीबन्दीमा सङ्क्रमण देखिएकामा ४९ जना निको भइसकेको, एक जनाको मृत्यु भएको र अन्यको उपचार जारी रहेको मन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# देशभर थपिए एक हजार २२८ कोरोना संक्रमित

काठमाडौँ, १८ भदौ (रासस) ।

पछिल्लो २४ घण्टामा मुलुकभर एक हजार २२८ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि पुष्टि भएको छ । योसँगै नेपालमा हालसम्म कोरोना सङ्क्रमितको सङ्ख्या ४२ हजार ८७७ पुगेको छ । बिहीबार १३ हजार ४१३ पिसिआर परीक्षण गरिएको छ ।

यसैगरी पछिल्लो २४ घण्टामा ९१७ जना कोरोना सङ्क्रमण मुक्त भइ घर फर्केको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । हालसम्म कोरोना सङ्क्रमण निको भएर घर फर्केनेको सङ्ख्या २४ हजार २०७ पुगेको छ । मुलुकभर हाल सक्रिय सङ्क्रमितको सङ्ख्या १८ हजार ४१३ रहेको मन्त्रालयका प्रवक्ता प्रा डा जागेश्वर गौतमले मन्त्रालयद्वारा आयोजित नियमित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो ।

गत २४ घण्टामा मुलुकभर कोरोनाका कारण छ जनाको निधन भएको उहाँले बताउनुभयो । नेपालमा हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या २५७ पुगेको छ । मुलुकभर हाल संस्थागत आइसोलेशनमा १० हजार ६७१ र होम आइसोलेशनमा सात हजार ७४२ जना रहेको मन्त्रालयले जनाएको छ । यसैगरी देशभरका क्वारेन्टिनमा छ हजार ७४९ जना रहेका छन् । देशभर हाल १४१ जना कोरोना सङ्क्रमितको सघन उपचार कक्षमा र १७ जनाको भेन्टिलेटरमा उपचार भइरहेको प्रवक्ता प्रा डा गौतमले जानकारी दिनुभयो ।

# न्यायाधीशलाई सम्पत्ति विवरण बुझाउन सूचना

काठमाडौँ, १८ भदौ (रासस) ।

न्यायपरिषद्ले प्रधानन्यायाधीशसहित सम्पूर्ण न्यायाधीशलाई आव २०७६/७७ को सम्पत्ति विवरण बुझाउन सूचना जारी गरेको छ ।

परिषद्ले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र गत साउन १ गतेदेखि यही भदौ २८ गतेसम्म सम्पत्ति विरवरण बुझाउन सूचना जारी गरेको हो । परिषद्का प्रवक्ता मानवबहादुर कार्कीका अनुसार यही भदौ २८ गतेसम्म प्रधानन्यायाधीशसहित सम्पूर्ण न्यायाधीशहरुले आफ्नो सम्पत्ति विवरण बुझाउनुपर्नेछ ।

न्यायलयमा न्याय परिषद् ऐन, २०७३ आउनुअघिको दुई/दुई वर्षमा बुझाउने व्यवस्था थियो । त्यसमा पनि नबुझाउनेका लागि कुनै पनि कारवाहीको व्यवस्था थिएन । न्याय परिषद् ऐन, २०७३ ऐन आएपछि सबै न्यायाधीशले अनिवार्यरुपमा सम्पत्ति विवरण बुझाउनुपर्नेछ । सम्पत्ति विवरण नबुझाएमा रु पाँच हजार जरिवाना लाग्नेछ । प्रवक्ता कार्कीका अनुसार यसअघि १६ जना न्यायाधीश जरिवानामा पर्नुभएको थियो ।

सर्वोच्च, उच्च र जिल्ला अदालतमा गरी हाल प्रधानन्यायाधीशसहित ४४८ न्यायाधीश रहेका छन् । बन्दाबन्दीको अवस्था भएको हुनाले हुलाक, कुरियर वा अन्य कुनै निकायबाट भएपनि तोकिएको समयभित्र सम्पत्ति विवरण बुझाउन परिषद्ले सूचना जारी गरेको हो । सार्वजनिक बिदाबाहेक परिषद्को कार्यालय बिहान १० बजेदेखि ५ बजेसम्म खुल्ला रहने सूचनामा उल्लेख छ ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौँ ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔँ ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · CITY EXPRESS Money Transfer · Best Remit Quick & Easy · PRABHU Money Transfer, प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*